FEED THE FUTURE
The U.S. Government's Global Hunger & Food Security Initiative

# कृषि प्रसार सेवाभित्र लैंगिक र पोषण पक्षको एकिकरण

कृयाकलाप पाना
मार्च २०१६

## कृषि मूल्य श्रृंखलामा लैंगिक र पोषण पोषण पक्षको एकिकरण

**अवधि: १ घण्टा ४५ मिनेट**

आवश्यक सामाग्री**:**

- उद्देश्य र कृयाकलाप विषय लेखिएको फ्लिप चार्ट
- मार्कर वा रंगीन शिशाकलम
- मार्किंग वा स्कच टेप
- ५० वटा खाली रंगीन कार्ड (५"x८")
- मूल्य श्रृंखला कार्डहरु- प्रत्येक साना समूहलाई एक सेट (पहिले नै तयार गरिराखेको)
- सामान्य मूल्य श्रृंखला देखाइएको फ्लिप चार्ट



### परिचय

महिला तथा पुरुषको स्वभावत: कृषि मूल्य श्रृंखलामा भाग लिने फरक फरक उद्देश्य हुन्छ र नयाँ प्रविधि र सूचनाको पहुँच र प्रयोग गर्ने क्षमता पनि फरक फरक हुन्छ । प्रभावकारी कृषि मूल्य श्रृंखला विकास गर्नकोलागि निर्णय लिनमा लैंगिक-आधारित अवसर र अवरोध, श्रोतमा पहुँच र नियन्त्रण, र महिलाहरुको तेर्सो (जस्तै उत्पादन समूह) र ठाडो (जस्तै कृषि सामाग्री आपुर्तिकर्ता र क्रेता) सम्वन्धमा संलग्न हुने क्षमताको आधारमा यस्ता फरकहरुलाई बुझ्नु अत्यान्त महत्वपूर्ण छ । मूल्य श्रृंखला भित्रको लैंगिक र पोषण आयाम बुझेर र कृषि उत्पादनवाट प्राप्त आयमा महिलाको नियन्त्रण बढाउँदा, खाद्य सुरक्षा र परिवार पोषण बढेको देखिएको छ ।

### उद्देश्य

- प्रत्येक चरणमा श्रोतको पहुँच र नियन्त्रण को संग छ, कसले निर्णय गर्छ र कसले काम गर्छ भन्नेमा जोड दिंदै मूल्य श्रृंखलाको विभिन्न चरणमा लैंगिक र पोषणलाई एकिकृत गर्ने तरिका पत्ता लगाउने
- मूल्य श्रृंखलाको विभिन्न चरण भित्र अन्तर्निहित शक्ति सम्वन्ध र गढेको सामाजिक मान्यताको सामना गर्ने

### मूल्य श्रृंखला कार्ड तयार गर्ने

विश्लेषण गरिने पत्येक मूल्य श्रृंखलाको लागि एक एक सेट मूल्य श्रृंखला कार्ड तयार गर्ने । तल दिइएका वाक्यांशहरु प्रत्येक ५"X ८" कार्डमा लेख्ने ।

- उपकरण तथा सामाग्री आपुर्तिकर्ता ।
- उत्पादक ।




- व्यापारी तथा वजारकर्ता (स्थानीय) ।
- ढुवानीकर्ता ।
- प्रसोधनकर्ता/प्याकेजिंग ।
- निर्यात वजारकर्ता ।
- खुद्रा व्यापारी (पसल/खाद्य सामाग्री भण्डार) ।
- उपभोक्ता ।

## पाठ योजना

१) कृयाकलापहरुको विषयको पुनरावलोकन, उद्देश्य र छोटो परिचय (**५ मिनेट**)



२) सहभागीहरुले साना समूहमा आफैं रोजेर जानु अघि सम्पूर्ण समूहलाई कृषि मूल्य श्रृंखला के हो भन्ने बारेमा छोटो परिचय दिने । छलफलमा प्रयोग गर्नको लागि फ्लिप चार्ट कागजमा पहिले नै सामान्य मूल्य श्रृंखला चित्र वनाउने । समूहलाई आफुले काम गर्न चाहेको स्थानीय कृषि मूल्य श्रृंखला ( जस्तै मकै, धान, माछा, कुखुरा) पहिचान गर्न लगाउने । (**१० मिनेट**)

३) ठूला समूह (यदि १० जना भन्दा बढि भएमा) लाई प्रत्येक समूहमा ५ जना रहने गरी टुक्राउने र आफुले काम गर्ने मूल्य श्रृंखला आफैं छान्न लगाउने । साना समूहमा यथा सम्भव वरावर संख्या र महिला तथा पुरुष राख्न कोशिष गर्ने । साना समूहले ठूलो कोठाको विभिन्न ठाँउमा वा यस्तो ठाँउमा जहाँ मूल्य श्रृंखला कार्ड फैलाउन सकियोस् । प्रत्येक समूहलाई एक सेट मूल्य श्रृंखला कार्ड दिने । (**५ मिनेट**)




४) प्रत्येक समूहले मूल्य श्रृंखला कार्डलाई समूहको मान्यता अनुसार क्रम मिलाएर राख्ने । त्यस मूल्य श्रृंखलाका चरणहरुको व्याख्या गर्न उनीहरुलाई खालि कार्डहरु दिने र आवश्यक परेमा कार्ड थप्न लगाउने । यदि भित्तामा पर्याप्त ठाँउ छ भने कार्डलाई टेपले भित्तामा टाँस्ने । (**१५ मिनेट**)

Designed to be shared.

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Kathy Colverson University of Florida & Jan Henderson, University of Illinois

Photo Credits: Kathy Colverson, Jan Henderson, & Kelly Davidson




५) कृषि मूल्य श्रृंखला सम्पन्न गरिसकेपछि समूहले महिला तथा पुरुषको लागि संकेत प्रयोग गरेर उनीहरुको खास भूमिकाको छोटो विवरण सहित प्रत्येक चरणमा महिला तथा पुरुषको भूमिका पहिचान गर्ने र प्रत्येक मूल्य श्रृंखला कार्डमा महिला तथा पुरुषको भूमिका थप गर्ने । साथै मूल्य श्रृंखलाको प्रत्येक चरणमा उत्पादनमा प्रभाव पार्ने गरी कसले निर्णय गर्छ वा नियन्त्रण गर्छ भन्ने समेत समावेश गर्ने ।

६) अभ्यासको यो भाग सम्पन्न भए पछि प्रत्येक समूहले मूल्य श्रृंखलाको प्रत्येक चरणमा पोषण सम्वन्धि विषयहरु के के हुन् भनी निर्णय गर्ने ( जस्तै वाली कटानी पछि पोषणमा नोक्शानी, गर्भवती महिलाको लागि पर्याप्त प्रोटिन भएको खानामा पहुँचको कमि । (**१० मिनेट**)

७) प्रत्येक साना समुहले ठूलो समूहमा साना समूहको काम वरिपरि घुमेर आफ्नो प्रस्तुती गर्ने । प्रस्तुत गर्दा मूल्य श्रृंखलामा लैंगिक भूमिकाको प्रभाव बुझ्न गरिएको सिफारिसमा केन्द्रित रहेर र कसरी मूल्य श्रृंखलाको प्रत्येक चरणमा पोषणमा सुधार गर्न सकिन्छ भन्ने कुरामा तलका प्रश्नहरु सोधेर गर्ने । (**३० मिनेट**)

- *यो चरणमा श्रोतमा **पहुँच** कस्को छ ?*
- *यो चरणमा श्रोतको **नियन्त्रण** कस्ले गर्छ ?*
- *यो चरणमा के भइराखेको छ कस्ले **निर्णय** गर्छ ?*
- *यो चरणमा कस्ले **काम** गर्छ*
- *श्रृंखलामा अत्यन्त कमजोरको लागि पोषण अवरोध कहाँ छ ?*
- *मूल्य श्रृंखलाको विभिन्न चरणमा महिलाहरुलाई कसरी बढि सकृय रुपले संलग्न गराउन सकिएला ?*
- *मूल्य श्रृंखलाको कुन चरणमा प्रसार कार्यकर्ताले सवभन्दा बढि प्रभावकारी रुपले लैंगिक र पोषणका विषयलाई सम्वोधन गर्न सक्लान् ?*

## अव के ?

कामलाई व्यवहारमा उतार्ने । सहभागीहरुलाई आफ्नो सानो समूहमा फर्कन भन्ने र हरेक सदस्यले आफनो प्रतिकृया दिने अवसर सुनिश्चित

Designed to be shared.

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License.
creativecommons.org/licenses/by/3.0/

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

www.ingenaes.illinois.edu/library

Prepared by Kathy Colverson University of Florida & Jan Henderson, University of Illinois

Photo Credits: Kathy Colverson, Jan Henderson, & Kelly Davidson

गरी तलका प्रश्नहरु सम्वोधन गर्दै यी कामहरुलाई आफ्नो कार्यस्थलमा कसरी प्रयोग भैराखेको ठान्दछन् भन्ने सम्वन्धमा छलफल गर्न लगाउने

- *प्रशिक्षकको हैशियतले यी कामहरु कसरी र कोसंग सञ्चालन गर्न सकिएला ?*
- *यी कामहरुमा के परिवर्तन गर्न आवश्यक पर्न जाला ?*

प्रत्येक साना समूहलाई सम्पूर्ण समूहसंगको छलफलवाट प्राप्त एक विचार भन्न लगाउने । (२० **मिनेट**)

सन्दर्भ:

"Integrating Gender and Nutrition with Agricultural Extension Services" Facilitator's Guide. USAID Integrating Gender and Nutrition into Agricultural Extension Systems (INGENAES), 2015. http://dev.ingenaes.illinois.edu/wp-content/uploads/Gender-and-Nutrition-Facilitators-Guide.pdf

"Integrating Gender in Agricultural Value Chains (INGIA-VC) in Kenya." US Greater Access to Trade Expansion Project, Arlington, VA: Development Training Services, Inc. (dTS), September 2008. Rubin, Deborah, Cristina Man and Kara Nichols Barrett.

"Integrating Gender into Extension Services" USAID Modernizing Extension an Advisory Services, (MEAS), 2012. http://www.meas-extension.org/meas-offers/training/integrating-gender-into-extension-services

"Applying Gender Responsive Value Chain Analysis in EAS". MEAS Technical Note. 2012. Rubin, Deborah and Manfre, Cristina. http://bit.ly/1UgyjBd

Designed to be shared.

© INGENAES 2016- Integrating Gender and Nutrition within Agricultural Extension Services)

This work is licensed under aCreative Commons At tribution 3.0 Unported License. creativecommons.org/licenses/by/3.0/

www.ingenaes.illinois.edu/library

Prepared by Kathy Colverson University of Florida & Jan Henderson, University of Illinois

Photo Credits: Kathy Colverson, Jan Henderson, & Kelly Davidson